नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- ३४३

मितिः- २०८०/११/०२

ने.सं. ११४४ सिल्लाथ्व ०५

विषयः- राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

गृह मन्त्रालयको च.नं. ६१३ मिति २०८०/१०/२८ को राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धी पत्र र सो साथ प्राप्त राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० मूल समारोह समितिको अनुमोदित कार्यक्रम संलग्न छ । विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

११/२

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री गृह मन्त्रालय, सिंहदरबार ।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं    फोन नं.-४२००५११/४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः प्रजातन्त्र दिवस - २०८०
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 592

मितिः २०८०/१०/२८
ने.स. ११४४ सिल्लाथ्व, २ आइतबार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- 3936
दर्ता मितिः- 10/28

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(सङ्घीय मामिला महाशाखा)
सिंहदरबार, काठमाडौं।

विषयः **राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा ।**

सदाझैं राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० (फागुन ६, ७ र ८ गते तीन दिनसम्म) भव्यतासाथ मनाउने सन्दर्भमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा मिति २०८०।१०।२६ गते शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट अनुमोदित तपशिल बमोजिमका कार्यक्रम आयोजनासहित दिवस मनाउने सम्बन्धमा सबै स्थानीय तहहरुमा आवश्यक निर्देशनका लागि निर्णयानुसार अनुरोध छ।

तपसिल

१. काठमाडौं उपत्यका बाहिरका जिल्ला सदरमुकामहरुमा आयोजना हुने राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित पालिका प्रमुख सम्मिलित समिति गठन गर्ने र सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम सञ्चालन गर्ने।
२. स्थानीय तहका प्रमुखको अध्यक्षतामा "राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति" गठन गरी समितिको आयोजना र समन्वयमा विविध कार्यक्रमका साथ दिवस मनाउने।
३. फागुन ६, ७ र ८ गते स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने।
४. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रसारण-प्रकाशन गर्न लगाउने।
५. जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य सेवा सम्बद्ध स्थानीय संघ-संस्थाहरुसमेतको समन्वयमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने।
६. शिक्षा विकास तथा समन्वय इकाईसमेतको समन्वयमा फरक क्षमता भएका विद्यार्थीहरुलाई उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने।

(विश्वराज न्यौपाने)
उपसचिव

सादर अवगतार्थः
श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय।

# राष्ट्रिय प्रजातन्त्र दिवस, २०८०

मूल समारोह समिति

## अनुमोदित कार्यक्रम

क. "राष्ट्रिय प्रजातन्त्र दिवस मूल समारोह समिति, २०८०" को गठन :

| | | |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' | अध्यक्ष |
| २. | माननीय उपप्रधानमन्त्रीहरु, मन्त्रीहरु एवं राज्यमन्त्रीहरु | सदस्य |
| ३. | काठमाडौं महानगरपालिकाका प्रमुख | सदस्य |
| ४. | नेपाल सरकारका मुख्य सचिव | सदस्य |
| ५. | प्रधानसेनापति | सदस्य |
| ६. | नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरु | सदस्य |
| ७. | महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| ८. | महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल | सदस्य |
| ९. | मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| १०. | सचिव, गृह मन्त्रालय | सदस्य-सचिव |

ख. सङ्घीय सरकार तथा केन्द्रीयस्तरका कार्यक्रम :

फागुन ६ गते

१. प्रजातन्त्र दिवस-केन्द्रीत विशेष सम्वाद, परिसम्वाद, रेडियो नाटक लगायतका जनचेतनामूलक कार्यक्रमहरूको निर्माण, सञ्चालन तथा प्रसारण गर्ने व्यवस्था मिलाउने।

२. राष्ट्रियस्तरका छापा सञ्चार गृहहरूलाई राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा विशेषाङ्क/स्मारिका प्रकाशन एवं प्रजातन्त्रको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख-रचनाहरूको सँगालो प्रकाशन गर्न अनुरोध गर्ने।

३. रेडियो नेपाल, नेपाल टेलिभिजन, सामुदायिक एवं निजी क्षेत्रका अन्य विद्युतीय तथा छापा सञ्चार माध्यमहरूबाट प्रजातन्त्रको महत्वको बारेमा कार्यक्रम प्रसारण/प्रकाशन गराउने तथा परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने।

४. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने ।

५. सबै जिल्लाहरूमा सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोगमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने।

६. जिल्ला स्तरमा फरक क्षमता भएका विद्यार्थीहरूले अध्ययन गर्ने विद्यालयहरूमा उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने कार्यक्रम संचालन गर्ने। यस कार्यमा प्रमुख जिल्ला अधिकारीले आवश्यक समन्वय गर्ने।

फागुन ७ गते

१. नेपाली सेनाद्वारा सैनिक-मञ्च, टुँडिखेलमा बिहान सूर्योदयसँगै विगुल (रिभ्याली) बजाउने तथा तोप र बन्दुकको बढाईं (स्याल्भो र भली फायर) गर्ने ।

२. नेपाली सेनाको हेलिकोप्टरबाट **"राष्ट्रिय प्रजातन्त्र दिवस, २०८०"** अङ्कीत व्यानर रिङ्गरोड वारपार प्रदर्शन गर्ने तथा नेपाली सैनिक-मञ्च, टुँडिखेलमा हेलिकोप्टरबाट पुष्पवृष्टि र झण्डा प्रदर्शन गर्ने ।

३. नेपाली सैनिक-मञ्च, टुँडिखेलमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० को औपचारिक मूल समारोह आयोजना गर्ने र उक्त समारोहमा निर्वाचित जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, सार्वजनिक तथा सामुदायिक संघ-संस्था र शैक्षिक तथा प्राज्ञिक प्रतिष्ठानका पदाधिकारीहरू, नागरिक समाजका लब्ध-प्रतिष्ठित व्यक्तित्वहरु तथा सर्वसाधारण समेतको उपस्थितिका लागि आमन्त्रण गर्ने।

४. मूल समारोह समितिद्वारा नेपाली सैनिकमञ्च, टुँडिखेलमा आयोजित मूल समारोहको कार्यक्रम रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गर्ने।

५. रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट राष्ट्रिय प्रजातन्त्र दिवस २०८० को अवसरमा जागरण गीत प्रसारण गर्ने र अन्य रेडियो, एफएम तथा टेलिभिजनहरुलाई समेत प्रसारणका लागि अनुरोध गर्ने।

६. सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने ।

फागुन ८ गते

सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ मण्डला, दरवार स्क्वायर जस्ता क्षेत्र एवं घरघरमा दीप प्रज्ज्वलन गर्ने ।

**ग. विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासका कार्यक्रम :**

१. विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासहरूमा फागुन ६, ७ र ८ गते कार्यालयको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने।

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालका विशिष्ट गौरवमय मौलिक पहिचान तथा विशेषता झल्कने विद्युतीय प्रचार सामग्री समूचित प्रचार-प्रसारका लागि परराष्ट्र मन्त्रालय मार्फत विदेशस्थित नेपाली कुटनीतिक नियोगहरुमा पठाउने ।

घ. प्रदेश राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहस्तरका कार्यक्रम :

१. सबै प्रदेशहरुमा प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा प्रदेशस्तरीय "राष्ट्रिय प्रजातन्त्र दिवस समारोह समिति" गठन गरी विविध कार्यक्रमका साथ राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरुपमा मनाउन सबै प्रदेश सरकार मार्फत प्रदेशबासीहरुलाई अनुरोध गर्ने।

२. सबै स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा "राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति" गठन गरी राष्ट्रिय प्रजातन्त्र दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाउन सबै स्थानीय तह मार्फत स्थानीयबासीहरुलाई अनुरोध गर्ने।

३. फागुन ६, ७ र ८ गते प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका कार्यालयहरूको छत, वरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने।

४. स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रसारण-प्रकाशन गर्न लगाउने।

५. काठमाडौं उपत्यका बाहिरका जिल्ला सदरमुकामहरुमा आयोजना हुने राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम सञ्चालनको व्यवस्थाका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय पालिका प्रमुख सम्मिलित समिति गठन गर्ने र सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गरी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने। समन्वय, सहजीकरण तथा शान्ति सुरक्षाको व्यवस्था प्रमुख जिल्ला अधिकारीले मिलाउने।

मूल समारोहका कार्यक्रमहरुको प्रभावकारी व्यवस्थापनका लागि देहाय बमोजिमका उपसमितिहरु गठन गर्ने ।

### प्रचार प्रसार उप-समिति

| | | |
|---|---|---|
| १. | माननीय मन्त्री, संचार तथा सूचना प्रविधि मन्त्रालय | संयोजक |
| २. | अध्यक्ष, नेपाल पत्रकार महासंघ | सदस्य |
| ३. | अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | सदस्य |
| ४. | अध्यक्ष, नेपाल टेलिभिजन | सदस्य |
| ५. | अध्यक्ष, गोरखापत्र संस्थान | सदस्य |
| ६. | अध्यक्ष, राष्ट्रिय समाचार समिति | सदस्य |
| ७. | कार्यकारी निर्देशक, रेडियो नेपाल | सदस्य |
| ८. | प्रबन्ध निर्देशक, नेपाल टेलिकम | सदस्य |
| ९. | अध्यक्ष, विज्ञापन वोर्ड | सदस्य |
| १०. | महानिर्देशक, सूचना तथा प्रसारण विभाग | सदस्य सचिव |

### मञ्च सजावट तथा व्यवस्थापन उप-समिति

| | | |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत, काठमाडौं महानगरपालिका | संयोजक |
| २. | प्रमुख, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य |
| ३. | सहायक प्रमुख जिल्ला अधिकारी, काठमाडौं | सदस्य |
| ४. | सुपरिन्टेन्डेन्ट इञ्जिनियर, भवन निर्माण तथा सम्भार डिभिजन कार्यालय | सदस्य |
| ५. | प्रमुख सेनानी, जङ्गी अड्डा निवेश | सदस्य |
| ६. | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| ७. | शाखा अधिकृत, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| ८. | प्रमुख, प्रशासन तथा संगठन विकास विभाग, काठमाडौं महानगरपालिका | सदस्य सचिव |

### ग्राउण्ड, कवाज तथा व्यायाम व्यवस्थापन उप-समिति

| | | |
|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | संयोजक |
| २. | सशस्त्र वरिष्ठ प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय | सदस्य |
| ३. | प्रमुख सेनानी, समारोह सञ्चालन निर्देशनालय, जङ्गी अड्डा | सदस्य |
| ४. | नगर प्रहरी प्रमुख, काठमाडौं महानगरपालिका | सदस्य |
| ५. | शाखा अधिकृत, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, गृह मन्त्रालय | सदस्य |
| ६. | प्रतिनिधि, नेपाल स्काउट | सदस्य |
| ७. | प्रहरी वरिष्ठ उपरीक्षक, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | सदस्य सचिव |

## क्रियाकलाप तथा कार्ययोजना :

| क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समन्वय |
|---|---|---|---|
| १. सबै प्रदेशका माननीय मुख्यमन्त्रीहरुलाई सम्माननीय प्रधानमन्त्रीज्यूबाट राष्ट्रिय प्रजातन्त्र दिवस भव्यरुपमा मनाउन निर्देशन दिने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. राष्ट्रिय प्रजातन्त्र दिवसको शुभकामनाको एस.एम.एस. तथा डिस्प्ले बोर्डमा सन्देश प्रसारण गराउने व्यवस्था मिलाउने । | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सरकारी तथा निजी क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| ३. दिवस-केन्द्रित विशेष सम्वाद, परिसम्वाद, रेडियो नाटक लगायत जनचेतनामूलक कार्यक्रमहरुको प्रसारण/प्रकाशन गर्ने व्यवस्था मिलाउने ।<br>४. राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा राष्ट्रिय प्रजातन्त्र दिवसका विशेषाङ्क/स्मारिकाको रूपमा प्रकाशन गर्नुका साथै प्रजातन्त्रको बहुपक्षीय आयामलाई उजागर गर्ने विभिन्न लेख रचनाहरूको सँगालो प्रकाशन गर्ने।<br>५. रेडियो नेपाल, नेपाल टेलिभिजन एवं सामुदायिक, निजी क्षेत्रका अन्य सञ्चार माध्यमहरूबाट प्रजातन्त्रको महत्वको बारेमा कार्यक्रम प्रसारण/प्रकाशन गराउने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सरकारी, सामुदायिक तथा निजी क्षेत्रका सञ्चार गृहहरु | गृह मन्त्रालय |
| ६. सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रम गर्ने । | स्थानीय तह | जिल्ला समन्वय समिति | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |
| ७. रक्तदान कार्यक्रम । | नेपाल रेडक्रस सोसाइटी | स्वास्थ्य सम्बद्ध संघ-संस्थाहरु | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| ८. फरक क्षमता भएका विद्यार्थीहरुलाई उपयुक्त हुने शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्ने । | स्थानीय तह | शिक्षा विकास तथा समन्वय इकाई | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय |
| ९. राष्ट्रिय झण्डा सजाउने र दीप प्रज्ज्वलन गर्ने । | स्थानीय तह, सरकारी निकायहरु | स्थानीय सामुदायिक संघ-संस्थाहरु | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, |